कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ बमोजिमको कामकारोवार गर्ने

HAMRO
BIKAS BANK LTD.

# हाम्रो विकास बैंक लिमिटेड


विदुर-३, बट्टार, नुवाकोट, **फो.नं.**: ०१०–५६१७७७, **फ्याक्स नं.**: ०१०–५६१७७९,

**इमेलः** info@hamrobank.com**, वेबसाईटः** www.hamrobank.com


(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत पत्र प्राप्त संस्था)
(नुवाकोट जिल्ला कार्यक्षेत्र भएको ।)
को

## "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु"

हाल कायम चुक्ता पूँजी रु.१५,२९,१६,९३७/५० को एक शेयर बराबर दुई शेयर (१ : २) (अर्थात् विद्यमान १ कित्ता साधारण शेयर बराबर नयाँ २ कित्ता साधारण शेयर) को अनुपातमा साविकका शेयरधनीहरुको लागि रु.३०,५८,३३,८७५/– बराबरको प्रति शेयर रु.१००/–अंकित दरका ३०,५८,३३८.७५ कित्ता हकप्रद साधारण शेयर निष्काशन गर्नको लागि प्रकाशित ।

**दरखास्तसाथ प्रति साधारण शेयर रु.१००/– का दरले शतप्रतिशत भुक्तानी माग गरिएको ।**

### धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको उदघोषण

हामीलाई **हाम्रो विकास बैंक लिमिटेड** तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा त्यस संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो "हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यबस्था तथा विवरणहरु" स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा "धितोपत्र सम्बन्धी ऐन, २०६३" र "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" अनुरुपको योग्यता पुगेको प्रतिवद्धतापत्र (ड्यू डेलिजेन्स सर्टिफिकेट) प्रस्तुत गरेका छौं ।

### लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण :

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मुल्याङ्कन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मुल्यले सुचिकरण पश्चात धितोपत्र बजारमा हुने कारोबार मुल्य नजनाउने हुँदा यस "हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यबस्था तथा विवरणहरु" को दफा (थ) मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ ।

नेपाल धितोपत्र बोर्डबाट स्वीकृत भएको मिति : २०७३/१२/१६ गते ।

हकप्रद शेयर निष्काशन खुल्ला हुने मिति : २०७४/२/७ गते ।

हकप्रद शेयर निष्काशन बन्द हुने मिति : २०७४/३/११ गते (बैंकिङ समय पश्चात्) ।

## धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक

NIBL CAPITAL
एनआईबिएल क्यापिटल मार्केट्स लि.
A Subsidiary of नेपाल इन्भेष्टमेण्ट बैंक लि. NEPAL INVESTMENT BANK LTD.

पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोनः ४००५०८०, फ्याक्सः ४००५०८४
Email: info@niblcapital.com
Website: www.niblcapital.com

**यो "हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यबस्था तथा विवरणहरु" धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको Website: www.niblcapital.com, हाम्रो बैंक लिमिटेडको Website: www.hamrobank.com र नेपाल धितोपत्र बोर्डको website: www.sebon.gov.np बाट समेत हेर्न सक्नु हुनेछ ।**

क) **संगठित संस्थाको नाम** : हाम्रो विकास बैंक लिमिटेड **(Hamro Bikas Bank Ltd.)**

ख) **संगठित संस्थाको रजिष्टर्ड कार्यालय** : यस विकास बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय, विदुर-३, बट्टार नुवाकोटमा रहेको छ ।

ग) **कारोबार स्थान** : यस विकास बैंकको वित्तीय कारोवार गर्ने मुख्य स्थान बिदुर–३, बट्टार नुवाकोटमा रहेको छ । यसको अलावा विकास बैंकले आफ्नो कार्यक्षेत्र अन्तर्गत नुवाकोट जिल्लाको त्रिशुली, छहरे र रातमाटेमा शाखा कार्यालयहरु तथा सामरीमा विस्तारित शाखा कार्यालय स्थापना गरी विकास बैंकले आफ्नो वित्तीय कारोवार गर्दै आइरहेको छ । साथै यस विकास बैंकले भविष्यमा आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकको स्वीकृति लिई शाखा, उपशाखा वा अन्य कार्यालय खोली वित्तीय कारोवार गर्न सक्नेछ ।

घ) **संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य** :

हाम्रो विकास बैंक लिमिटेड, कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६५ साल कार्तिक २८ गते नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भै मिति २०६६ बैशाख ४ गते नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्न इजाजत प्राप्त गरी मिति २०६६ बैशाख ६ गते देखि विकास बैंकले आफ्नो वित्तीय कारोवार संचालन गरिरहेको छ । यस विकास बैंकका संस्थापकहरुमा संस्थागत शुसासन क्षेत्र, शैक्षिक क्षेत्र, कृषि क्षेत्र, व्यापार/व्यवसाय, पत्रकारिता, आयात निर्यात, निर्माण सामग्री ब्यापार, परामर्श सेवाको साथै ब्यबस्थापन क्षेत्रमा लामो समय देखि दखखल भएका प्रतिष्ठित व्यक्तित्वहरु रहेका छन् ।

नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०६३, कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित कानूनको अधिनमा रही वित्तीय कारोबार (वित्तीय ब्यवसाय) गर्ने यस विकास बैंकको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :

(क) बैंकका निक्षेपकर्ता तथा शेयरधनीको हकको संरक्षण र संवर्द्धन गर्दै सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो बैंकिङ तथा वित्तीय सेवा उपलब्ध गराउने ।

(ख) कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यवसायिक रुपले सम्भाव्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवं उत्पादकत्व बृद्धिका लागि आवश्यक वित्तीय साधन तथा प्रविधि उपलब्ध गराई औद्यौगिक, व्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशीलता ल्याउन र उपलब्ध सीप, श्रम र पूँजी परिचालन गरी ग्रामिण तथा शहरी विकासमा सहयोग पुऱ्याउने ।

(ग) उपलब्ध सीप, श्रम तथा पूँजीलाई उचित परिचालन गरी ग्रामिण तथा शहरी क्षेत्रमा उत्पादन एवं रोजगारमुलक व्यवसायको प्रबर्द्धन, स्थापना, सञ्चालन, विकास एवं विस्तार गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवसायिक परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई आर्थिक उन्नति तथा दिगो विकासका लागि सहयोग पुऱ्याउने ।

(घ) औद्योगिक क्षेत्र वा निर्यात प्रबर्द्धन क्षेत्र वा अन्य उत्पादनशील परियोजना क्षेत्र स्थापना र विकास गर्न आवश्यक चल अचल सम्पत्ति खरिद गर्ने र सो क्षेत्रका परियोजनाको सञ्चालन गर्ने संस्था, कम्पनी, फर्महरुलाई ऋण सुविधा उपलब्ध गराउने, निरिक्षण गर्ने, तथा निर्देशन दिने ।

(ङ) न्यून आय भएका परिवार वा अन्य तोकिएका वर्गलाई सामुहिक उत्तरदायित्वमा सम्भाव्य परियोजनाको लागि बिना धितो निश्चित रकमसम्म ऋण दिने र परियोजनाको प्रबर्द्धनका लागि नेपाल सरकार वा अन्य स्वदेशी वा विदेशी निकायहरुबाट प्राप्त भएको रकम सम्झौता अनुसार उपयोग गराउने ।

(च) मुलुकमा छरिएर रहेका पूँजीलाई एकिकृत गरी संस्थागत लगानी तथा स्वस्थ प्रतिस्पर्धाको माध्यमबाट वित्तीय मध्यस्थताको सेवा उपलब्ध गराउने ।

ङ) **शेयर पूँजीको संरचना** :

(क) **अधिकृत पूँजी** : यस विकास बैंकको अधिकृत पूँजी रु.५०,००,००,०००/–(अक्षरेपी पचास करोड) रहेको छ, जसलाई प्रति शेयर रु.१००/– का दरले जम्मा ५०,००,००० कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।

(ख) **जारी पूँजी** : यस विकास बैंकको जारी पूँजी रु.४५,८७,५०,८१२/५० (अक्षरेपी पैंतालिस करोड सतासी लाख पचास हजार आठ सय बाह्र रुपैंया र पचास पैसा) रहेको छ, जसलाई प्रति शेयर रु.१००/–का दरले जम्मा ४५,८७,५०८.१२५ कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।

(ग) **चुक्ता पूँजी** : यस विकास बैंकको चुक्ता पूँजी रु.१५,२९,१६,९३७/५० (अक्षरेपी पन्ध्र करोड उनान्तीस लाख सोह्र हजार नौ सय सैतिस रुपैया र पचास पैसा) रहेको छ, जसलाई प्रति शेयर रु.१००/–अंकित मूल्यका १५,२९,१६९.३७५ कित्ता साधारण शेयरमा विभाजन गरिएको छ । यस विवरण पत्र मार्फत हकप्रद शेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात् वित्तीय संस्थाको चुक्ता पूँजी रु.४५,८७,५०,८१२/५० (अक्षरेपी पैंतालिस करोड सतासी लाख पचास हजार आठ सय बाह्र रुपैंया र पचास पैसा मात्र) हुनेछ।

**च) हकप्रद शेयर निष्काशन गर्नु पूर्व र निष्काशन पश्चात् संगठित संस्थाको चुक्ता पूंजीको स्थिति :**

हकप्रद शेयर निष्काशन गर्नु पूर्व विकास बैंकको चुक्ता पुँजीको स्थिति :

| समूह | शेयरधनीहरु | शेयर कित्ता | पूँजी संरचना | चुक्ता रकम (रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| क | संस्थापक शेयरधनीहरु | ७,७९,८७६.३८२ | ५१% | ७,७९,८७,६३८.२० | शतप्रतिशत |
| ख | सर्वसाधारण शेयरधनीहरु (कर्मचारीहरु सहित) | ७,४९,२९२.९९३ | ४९% | ७,४९,२९,२९९.३० | शतप्रतिशत |
| | **जम्मा** | **१५,२९,१६९.३७५** | **१००%** | **१५,२९,१६९३७.५०** | |

हकप्रद शेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात हुने विकास बैंकको चुक्ता पुँजीको स्थिति :

| समूह | शेयरधनीहरु | शेयर कित्ता | पूँजी संरचना | चुक्ता रकम (रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| क | संस्थापक शेयरधनीहरु | २३,३९,६२९.१४३ | ५१% | २३,३९,६२,९१४.३७५ | शतप्रतिशत |
| ख | सर्वसाधारण शेयरवालाहरु (कर्मचारीहरु सहित) | २२,४७,८७८.९८२ | ४९% | २२,४७,८७,८९८.१२५ | शतप्रतिशत |
| | **जम्मा** | **४५,८७,५०८.१२५** | **१००%** | **४५,८७,५०,८१२.५०** | |

**छ) हालका शेयरधनीहरुको समूह खुल्ने गरी संस्थापकहरुको हकमा निजहरुको नाम, ठेगाना तथा उनीहरुले लिएको शेयर संख्या :**

| क्र.सं. | शेयरधनीको नाम, थर | ठेगाना | शेयर संख्या | चुक्ता रकम (रु.) | भुक्तानी |
|---|---|---|---|---|---|
| १ | हरि प्रसाद | ग्वालिचौर १, बाग्लुङ | ९०,८३४.१८७५ | ९,०८३,४१८.७५ | शत् प्रतिशत |
| २ | दिनेश कुमार आचार्य | बिदुर ५, नुवाकोट | ११४,८७४.९३७५ | ११,४८७,४९३.७५ | शत् प्रतिशत |
| ३ | दिपेन्द्र श्रेष्ठ | बिदुर ९, नुवाकोट | १७,३६९.३१२५ | १,७३६,९३१.२५ | शत् प्रतिशत |
| ४ | हरि चन्द्र खड्का | खड्गभन्ज्याङ, ६ नुवाकोट | ६५,९९९.९३७५ | ६,५९९,९९३.७५ | शत् प्रतिशत |
| ५ | नबराज आचार्य | ग्वालिचौर १ बाग्लुङ | १७,९२९.९३७५ | १,७९२,९९३.७५ | शत् प्रतिशत |
| ६ | शरण साप्कोटा | तुप्चे २ नुवाकोट | ७,८४४.४३७५ | ७८४,४४३.७५ | शत् प्रतिशत |
| ७ | रमेश राज रेग्मी | लिमीठाना ५ पर्बत | ५०,९७८.०६२५ | ५,०९७,८०६.२५ | शत् प्रतिशत |
| ८ | जिबन बहादुर श्रेष्ठ | बिदुर १० नुवाकोट | १३,९०३.५००० | १,३९०,३५०.०० | शत् प्रतिशत |
| ९ | मन्दीप कुँवर | अर्खले ८ गुल्मी | ५,५६१.६८७५ | ५५६,१६८.७५ | शत् प्रतिशत |
| १० | कमला घिमिरे | पर्रोहा ४ रुपन्देहि | ३,३६२.३१२५ | ३३६,२३१.२५ | शत् प्रतिशत |
| ११ | हरि कुमार श्रेष्ठ | निलकण्ठ ५ धादिङ्ग | १६,६८३.६२५० | १,६६८,३६२.५० | शत् प्रतिशत |
| १२ | अमृत मान श्रेष्ठ | चौघडा ८ नुवाकोट | २६,७८६.३१२५ | २,६७८,६३१.२५ | शत् प्रतिशत |
| १३ | श्रीकृष्ण रिजाल | बिदुर ८ नुवाकोट | १०,०८५.५००० | १,००८,५५०.०० | शत् प्रतिशत |
| १४ | पूर्णलाल श्रेष्ठ | बिदुर ९ नुवाकोट | २७,८०७.०००० | २,७८०,७००.०० | शत् प्रतिशत |
| १५ | बेनिजङ ठकुरी | तुप्चे २ नुवाकोट | ८,४०५.०५७० | ८४०,५०५.७० | शत् प्रतिशत |
| १६ | गंगालाल श्रेष्ठ | बिदुर ४ नुवाकोट | ८५,२७२.५००० | ८,५२७,२५०.०० | शत् प्रतिशत |
| १७ | राम बहादुर पाण्डे | बसन्तपुर ८ तनहुँ | १६,६८३.६२५० | १,६६८,३६२.५० | शत् प्रतिशत |
| १८ | ठाकुर नाथ लामिछाने | थान्सिङ २ नुवाकोट | २०,३९०.९३७५ | २,०३९,०९३.७५ | शत् प्रतिशत |
| १९ | रामहरि शर्मा रिजाल | बिदुर ८ नुवाकोट | ३८,९२८.७५०० | ३,८९२,८७५.०० | शत् प्रतिशत |
| २० | तारा (सिटौला) पन्त | थान्सिङ १ नुवाकोट | २६,२३५.८१२५ | २,६२३,५८१.२५ | शत् प्रतिशत |
| २१ | मिना कुमारी थापा | नारायण १ दैलेख | २५,९५२.५००० | २,५९५,२५०.०० | शत् प्रतिशत |
| २२ | बैकुण्ठ मिश्र | कबिलास २ नुवाकोट | ३१,४१९.४३७५ | ३,१४१,९४३.७५ | शत् प्रतिशत |
| २३ | गणेश थापा | उर्लेनी ७ नुवाकोट | १२,७३६.२५०० | १,२७३,६२५.०० | शत् प्रतिशत |
| २४ | पुष्पा (भण्डारी) धिताल | काठमाण्डौ २९ | २३,०१०.०००० | २,३०१,०००.०० | शत् प्रतिशत |
| २५ | रबिन कुमार श्रेष्ठ | रामेछाप ४ रामेछाप | १२,९७६.३२५० | १,२९७,६३२.५० | शत् प्रतिशत |
| २६ | सुधिर कुमार लामा | कबिलास ७ नुवाकोट | ७,८४४.४३७५ | ७८४,४४३.७५ | शत् प्रतिशत |
| | **संस्थापक समुहको जम्मा** | | ७७९८७६.३८२० | ७७,९८७,६३८.२० | |
| | **सर्वसाधारण समुहको जम्मा** | | ७४९,२९२.९९ | ७४,९२९,२९९.३७५ | |
| | **जम्मा** | | **१५२९१६९.३७५** | **१५२९१६९३७.५०** | |

**ज) निष्काशन गरिने हकप्रद शेयरको संख्या तथा त्यसको अनुपात :**

यस विवरण मार्फत हाल कायम चुक्ता पूँजी रु.१५,२९,१६,९३७/५० को एक शेयर बराबर दुई शेयर (१ : २) (अर्थात् विद्यमान १ कित्ता साधारण शेयर बराबर नयाँ २ कित्ता साधारण शेयर) को अनुपातमा साविकका शेयरधनीहरुको लागि रु.३०,५८,३३,८७५/– बराबरको प्रति शेयर रु.१००/–अंकित दरका ३०,५८,३३८.७५ कित्ता हकप्रद साधारण शेयर निष्काशन गरिनेछ ।

**झ) धितोपत्र निष्काशन गर्ने सम्बन्धमा साधारण सभाले गरेको निर्णय तथा साधारण सभा सम्पन्न भएको मिति :**

हकप्रद शेयर निष्काशन गर्ने सम्बन्धमा साधारण सभाले गरेको निर्णय :

आ.ब. २०७२/७३ को प्रस्तावित बोनश शेयर पश्चात कायम हुने चुक्ता पुँजीको २०० प्रतिशत अर्थात १ कित्ता शेयर बराबर २ कित्ता (१:२) दरले हुन आउने रु.३०,५८,३३,८७५।- (तीस करोड अन्ठाउन्न लाख तेत्तीस हजार आठ सय पचहत्तर) बराबरको हकप्रद शेयर निष्काशन गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

साधारण सभा सम्पन्न भएको मिति : **२०७३/९/२९ गते ।**

**ञ) संचालकहरुको परिचय :**

विकास बैंकको संचालक समितिमा हाल देहाय बमोजिमका सञ्चालकहरुले प्रतिनिधित्व गर्नु भएको छ ।

| सि.नं. | नाम, ठेगाना | पद | योग्यता | व्यावसायिक अनुभव | प्रतिनिधित्व समूह |
|---|---|---|---|---|---|
| १. | श्री हरि प्रसाद<br>ग्वालिचौर-१ बाग्लुङ | अध्यक्ष | स्नातकोत्तर | संयुक्त राष्ट्र संघका विभिन्न विभागमा विभिन्न ओहदामा रहि करिब दुइ दशक लामो कार्य अनुभव, निर्वाचन र शासकीय पद्धति सहित विभिन्न विधामा परामर्श सेवा, शिक्षा, जलऊर्जा विकास र संरचना निर्माण सम्बन्धि नेपाली युवाहरुको समस्यामा केन्द्रित व्यवसायिक तथा व्यापारिक प्रतिष्ठानहरुको संस्थागत विकास र सञ्चालन सम्बन्धि लामो अनुभव प्राप्त । | संस्थापक समूह |
| २. | श्री ठाकुरनाथ लामिछाने<br>थानसिङ - २ नुवाकोट | संचालक | एस.एल.सी. | निर्यात व्यवसायमा दुई दशक भन्दा लामो अनुभव, सहकारी क्षेत्रमा ३ बर्षको अनुभव । | संस्थापक समूह |
| ३. | श्री रामहरि शर्मा रिजाल<br>बिदुर - ८ नुवाकोट | संचालक | प्रमाणपत्र तह | कन्सट्रक्सन उद्योगमा २ दशकको अनुभव र मेटल उद्योग (मेकानिकल) मा करिव ३ दशक लामो अनुभव | संस्थापक समूह |
| ४. | श्री गंगालाल श्रेष्ठ<br>विदुर-४, नुवाकोट | संचालक | साक्षर | ट्रेडिङ व्यवसाय र पेट्रोल पम्प व्यवसायमा दुई दशक भन्दा लामो अनुभव । | संस्थापक समूह |
| ५. | श्री प्रल्हाद पन्त<br>थानसिङ १, नुवाकोट | संचालक | स्नातक | नेटवर्क इन्स्टिच्युट फर ग्लोबल डेमोक्राइजेशन फिनल्याण्डको काउन्सिल सदस्य ।<br>इन्फो एसेम्ब्ली प्रा.लि. मा प्रबन्धक पदमा ३ बर्षको कार्य अनुभव ।<br>इन्स्टिच्युट अफ गभर्नेन्समा कोषाध्यक्षको रुपमा ६ बर्षको कार्य अनुभव ।<br>नेपाल मिडिया कन्सल्ट प्रा.लि.को संस्थापक संचालक ।<br>नेपाल मानव अधिकार संगठन, नुवाकोटको अध्यक्ष पदमा रही १० बर्ष सम्म कार्य गरेको अनुभव ।<br>रुरल डेभलपमेन्ट एण्ड पब्लिक अवेयरनेस नेपालको संस्थापक अध्यक्ष । | सर्वसाधारण समूह |
| ६. | श्री जीवनबहादुर श्रेष्ठ<br>बिदुर-१० नुवाकोट | संचालक | प्रमाणपत्र तह | उद्योग बाणिज्य संघ नुवाकोटको संस्थापक सचिव, निमार्ण व्यवसायी संघ नुवाकोटमा कार्यसमिती सदस्यको रुपमा ६ बर्षको अनुभव, बाग्मती ट्याक्सी व्यवसायी संघको कोषाध्यक्षको रुपमा ६ बर्षको अनुभव, गंगबु आवास क्षेत्र सुधार समितीको कोषाध्यक्षको रुपमा २.५ बर्षको अनुभव, नेपाल यातायात मजदुर संघको अध्यक्षको रुपमा ३ बर्षको | सर्वसाधारण समूह |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | अनुभव, सहकारी क्षेत्रमा सञ्चालकको रुपमा १० बर्षको अनुभव, हाम्रो माइक्रो बस व्यवसायी समितीको उपाध्यक्षको रुपमा ६ बर्षको अनुभव, पासाङ ल्हामु यातायात व्यवसायी समितीको कार्य समितीको सदस्यको रुपमा १ बर्षको अनुभव, त्रिशुली कलर ल्याव प्रा.ली.को सञ्चालक । | |

**नोट :** हाल सर्वसाधारण समूहबाट १ (एक) जना संचालक र नेपाल राष्ट्र बैंकले कायम गरेको विशेषज्ञ सञ्चालक १ (एक) जना गरी दुई जना संचालक नियुक्त हुन बाँकी रहेको छ ।

**ट) संचालक समितिको बनौट :**

विकास बैंकको नियमावलीमा भएको व्यवस्था अनुसार ८ (आठ) जना संचालकहरु रहेको संचालक समिति देहाय बमोजिम गठन हुनेछ :

| | |
|---|---|
| "क" समूहका संस्थापक शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निर्वाचित संचालकहरु | ४ जना |
| "ख" समूहका सर्वसाधारण शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निर्वाचित संचालकहरु | ३ जना |
| नेपाल राष्ट्र बैंकले कायम गरेको व्यवसायिक विशेषज्ञबाट मनोनित संचालक | १ जना |
| **जम्मा** | **८ जना** |

**ठ) लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकम :**

हकप्रद शेयर निष्काशन प्रयोजनको लागि विकास बैंकले हकप्रद शेयर निष्काशन पूर्व सार्वजनिक सूचना मार्फत जानकारी गराएको मिति सम्ममा शेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरुले आफ्नो नाममा कायम रहेको साधारण शेयरको एक शेयर बराबर दुई शेयर (१ : २) को अनुपातमा प्रति शेयर रु.१००/–का दरले हुन आउने एकमुष्ट रकम भुक्तानी गरी आवेदन दिन सक्नेछन् ।

**ड) साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको बिक्री गर्ने सम्बन्धी व्यवस्था :**

साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको सम्बन्धमा "धितोपत्र निष्काशन निर्देशिका, २०६५" मा भएको व्यवस्था अनुसार संचालक समितिले अत्यन्त पारदर्शी तरिका (जस्तै : शिलबन्दी बोलपत्रद्धारा लिलाम बढाबढ) बाट बिक्री गर्नेछ । यसरी बिक्री गर्दा खरिद गर्न चाहने लगानीकर्ता सबैलाई समान अवसर प्रदान गरिनेछ ।

**ढ) हकप्रद शेयर भए सो को अनुपात भन्दा बढी शेयर खरिद गर्न पाउने/नपाउने सम्बन्धी व्यवस्था :**

यस हकप्रद शेयरको अनुपात भन्दा बढी शेयर खरिद गर्न पाउने छैन । तर कुनै शेयरधनीले आफ्नो कायम हकको आधारमा हकप्रद शेयर खरिदका लागि आवेदन दिंदा खण्डित शेयर (Fraction Share) मा शेयर संख्या पर्न आएमा नजिकको माथिल्लो शेयर कित्ताको लागि आवेदन दिन सक्नेछ । यसरी माथिल्लो शेयर कित्ताको लागि आवेदन दिने शेयरधनीहरुको हकमा यस हकप्रद शेयर निष्काशनको क्रममा बिक्री नभई बाँकी रहेको शेयरहरुबाट समायोजन गर्ने गरी बाँडफाँट गरिनेछ । यदि यस हकप्रद शेयरको लागि निष्काशन गरिएको सम्पूर्ण शेयरका लागि आवेदन प्राप्त भएमा नेपाल धितोपत्र बोर्डको पूर्व स्वीकृती लिई विकास बैंकको संचालक समितिले माथिल्लो शेयर कित्ता माग गरी दरखास्त दिने शेयरधनीहरुलाई हकप्रद शेयर बाँडफाँट गरिनेछ । यस विवरण मार्फत निष्काशन गरिने हकप्रद शेयरको लागि आफ्नो कायम हक भन्दा बढी हकप्रद शेयरको लागि दरखास्त दिन पाइने छैन । तर साविक शेयरधनीले आफ्नो कायम हक भन्दा कम हकप्रद शेयर खरिद गर्न आवेदन दिन सक्नेछ र यसरी आफ्नो हक भन्दा कम हकप्रद शेयर खरिदका लागि आवेदन दिने शेयरधनीहरुको हकमा दरखास्तमा माग गरे बमोजिम नै हकप्रद शेयर बाँडफाँड गरिनेछ ।

**ण) विगतको तथा आगामी ३ बर्षको प्रक्षेपित वित्तीय विवरणका साथै नेटवर्थ :**

**वासलात**

| पूँजी तथा दायित्व | वास्तविक (रु. हजारमा) | | | *२०७३ चैत्र मसान्तसम्म | प्रक्षेपित (रु. हजारमा) | | |
|---|---|---|---|---|---|---|---|
| | आ.ब. ०७०/०७१ | आ.ब. ०७१/०७२ | आ.ब. ०७२/०७३ | | आ.ब. ०७३/७४ | आ.ब. ०७४/७५ | आ.ब. ०७५/७६ |
| १. शेयर पूँजी | ६४,३०७.०० | १२२,३३३.५५ | १५२,९१६.९४ | १५२,९१६.९४ | ५००,०३८.३९ | ५००,०३८.३९ | ५००,०३८.३९ |
| २. जगेडा तथा कोषहरु | ८,५०९.५९ | १०,१०४.५९ | १७,३७६.३९ | ४८३९८.४७ | ३२,०५७.५६ | ५१,२४२.६९ | ६६,२५५.३५ |
| ३. ऋणपत्र तथा बण्ड | – | – | – | | – | – | – |
| ४. तिर्न बाँकी कर्जा सापट | – | – | – | | – | – | – |
| ५. निक्षेप दायित्व | ५४७,४६५.६३ | ७७०,९६०.०२ | १,०४२,४२४.३१ | १,१७८,४७७.१२ | १,२४७,१०१.९२ | १,८३६,८१२.१२ | २,७४०,१४५.४५ |
| ६. भुक्तानी दिनु पर्ने बिलहरु | – | – | – | – | – | – | – |
| ७. प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश | १२,०२०.०० | ८३९.८२ | – | – | – | ५०,००३.८४ | ७०,००५.३७ |
| ८. आयकर दायित्व | – | – | – | – | – | – | – |
| ९. अन्य दायित्व | ३,९८७.४९ | ५,०५५.२० | ८,३४४.९४ | ३६४०६.३९ | ९,६५४.१७ | ११,६०३.६० | १२,४१८.६३ |
| **कुल दायित्व** | ६३६,२८९.७१ | ९०९,२९३.१८ | १,२२१,०६२.५८ | १,४१६,१९८.९२ | १,७८८,८५२.०५ | २,४४९,७००.६४ | ३,३८८,८६३.१९ |

| सम्पत्ति | वास्तविक (रु. हजारमा) | | | *२०७३ चैत्र मसान्तसम्म | प्रक्षेपित (रु. हजारमा) | | |
|---|---|---|---|---|---|---|---|
| | आ.ब. ०७०/०७१ | आ.ब. ०७१/०७२ | आ.ब. ०७२/०७३ | | आ.ब. ०७३/७४ | आ.ब. ०७४/७५ | आ.ब. ०७५/७६ |
| १.नगद मौज्दात | १३,८९२.६९ | २४,९६६.२८ | १९,५११.५१ | २९,५१३.७१ | ३५,२३६.८१ | ४९,७७७.१९ | ५३,९६४.२६ |
| २.नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | २२१.३६ | ३११.३६ | १,३११.३६ | १,३११.३६ | १,२००.०० | १,२००.०० | १,२००.०० |
| ३.बैक /बित्तीय संस्थामा रहेको मौज्दात | २३,२८५.८० | ३७,०००.०० | ४७,५००.०० | ५२,५००.०० | ६४,४०५.३० | १११,१६९.२२ | १६१,३१८.८३ |
| ४.माग तथा अल्प सुचनामा प्राप्त हुने रकम | १३८,२३१.९६ | २१९,९११.६८ | २६६,३४४.३८ | २४३७४०.५१ | ४४६,४०५.०६ | ३२७,०८७.२१ | ४६८,९१६.७४ |
| ५.लगानी | ७,६२४.५४ | २१,४७९.३१ | ९,९९२.३८ | १९५६७.०६ | ३०,०००.०० | ४०,०००.०० | ५०,०००.०० |
| ६.कर्जा सापट तथा बिल खरिद | ४१८,७०७.७३ | ५७७,५३८.८० | ८४६,०४१.१७ | १०२०७५८.६५ | १,१६९,५८२.७० | १,८६५,२२४.२८ | २,५९४,५०७.८४ |
| ७.स्थिर सम्पत्ति | १७,८४४.९१ | १६,१९६.६८ | १७,६७८.२३ | २३३५३.०२ | २९,९७२.८१ | ४३,७९५.८४ | ४६,३६३.९२ |
| ८.गैर बैंकिङ्ग सम्पत्ति | - | - | - | | - | - | - |
| ९.अन्य सम्पत्ति | १६,४८०.७३ | ११,८८९.०७ | १२,६८३.५४ | २५४५४.६१ | १२,०४९.३७ | ११,४४६.९० | १२,५९१.५९ |
| **कुल सम्पत्ति** | **६३६,२८९.७१** | **९०९,२९३.१८** | **१,२२१,०६२.५८** | **१,४१६,१९८.९२** | **१,७८८,८५२.०५** | **२,४४९,७००.६४** | **३,३८८,८६३.१९** |

## नाफा नोक्सान हिसाव

| विवरण | वास्तविक (रु. हजारमा) | | | *२०७३ चैत्र मसान्तसम्म | प्रक्षेपित (रु. हजारमा) | | |
|---|---|---|---|---|---|---|---|
| | आ.ब. ०७०/०७१ | आ.ब. ०७१/०७२ | आ.ब. ०७२/०७३ | | आ.ब. ०७३/७४ | आ.ब. ०७४/७५ | आ.ब. ०७५/७६ |
| १.ब्याज आम्दानी | ५६,६५१.५९ | ७०,८०४.१५ | ९७,६०४.२७ | ९८,९१३.३६ | १८३,७११.०७ | २३४,३७९.८५ | ३२८,२०६.२६ |
| २.ब्याज खर्च | २९,९४९.६५ | ३२,४८३.१३ | ३९,४९६.५९ | ३६,९७३.०८ | ८३,४९०.४८ | १२१,७६२.२८ | १७९,८९१.७८ |
| **खुद ब्याज आम्दानी** | **२६,७०१.९५** | **३८,३२१.०२** | **५८,१०७.६८** | **६१,९४०.२८** | **१००,२२०.५९** | **११२,६१७.५७** | **१४८,३१४.४८** |
| ३.कमिशन तथा डिस्काउण्ट | १,४५४.९६ | १,६३३.४८ | २,४४२.३९ | ८१४.५५ | १,६२८.५७ | ३,१२६.८५ | ४,६२६.५८ |
| ४.अन्य संचालन आम्दानी | ६,००२.९६ | ८,२३०.५० | १०,५६१.४६ | ६,७५८.१२ | १४,७२३.६८ | ३६,५४७.०४ | ४९,२४२.७० |
| ५.सटही घटबढ आम्दानी | - | - | - | - | - | - | - |
| **कुल संचालन आम्दानी** | **३४,१५९.८६** | **४८,१८५.०१** | **७१,१११.५३** | **६९,५१२.९५** | **११६,५७२.८४** | **१५२,२९१.४६** | **२०२,१८३.७६** |
| ६.कर्मचारी खर्च | ६,८११.७२ | ८,१४१.६८ | ८,८७९.०३ | ७,९७८.८२ | ११,९७७.२० | २५,०५७.२० | ३२,८४२.९२ |
| ७.अन्य संचालन खर्च | ९,४३९.२६ | १०,३८४.६८ | ११,७७३.१० | ९,००६.५५ | १५,९७२.८५ | २१,५०१.१५ | २८,१९१.२० |
| ८.सटही घटबढ नोक्सान | - | - | - | - | - | - | - |
| **सम्भावित नोक्सानी ब्यबस्था अघिको संचालन मुनाफा** | **१७,९०८.८९** | **२९,६५८.६५** | **५०,४५९.४०** | **५२,५२७.५८** | **८८,६२२.७९** | **१०५,७३३.११** | **१४१,१४९.६४** |
| ९.सम्भावित नोक्सानी | ४,१८६.५० | ४,५२१.७७ | ५,१४२.४० | ७,४३६.२६ | ४,९२६.९० | १०,५९३.५३ | २४,५४४.७१ |
| **संचालन मुनाफा/(नोक्सान)** | **१३,७२२.३९** | **२५,१३६.८९** | **४५,३१७.०१** | **४५,०९१.३२** | **८३,६९५.८९** | **९५,१३९.५८** | **११६,६०४.९३** |
| १०.गैर संचालन आम्दानी/(नोक्सान) | ६,६१४.१२ | (३५६.१०) | १२,२५५.७५ | - | ४,५००.०० | १६,०००.०० | २०,०००.०० |
| ११.सम्भावित नोक्सानी ब्यबस्थाबाट फिर्ता | ९९.४३ | १,०९४.६२ | १,३३९.६१ | ३,६२६.२४ | १,५००.०० | - | - |
| **नियमित कारोवारबाट भएको मुनाफा** | **२०,४३५.९४** | **२५,८७५.४१** | **५८,९१२.३७** | **४८,७१७.५६** | **८९,६९५.८९** | **१११,१३९.५८** | **१३६,६०४.९३** |
| १२.असामान्य कारोवारबाट भएको खर्च | - | - | - | - | - | - | - |
| **सम्पूर्ण कारोवार समावेश पछिको खुद नाफा** | **२०,४३५.९४** | **२५,८७५.४१** | **५८,९१२.३७** | **४८,७१७.५६** | **८९,६९५.८९** | **१११,१३९.५८** | **१३६,६०४.९३** |
| १३.कर्मचारी बोनस व्यवस्था | १,८५७.८१ | २,३५२.३१ | ५,३५५.६७ | ४,४२८.८७ | ८,१५४.१७ | १०,१०३.६० | १२,४१८.६३ |
| १४.आयकर ब्यबस्था | | | | | | | |
| यस वर्षको | ५,४३६.४७ | ७,६८०.६२ | १६,२२३.५१ | १३,२८६.६१ | २४,४६२.५१ | ३०,३१०.७९ | ३७,२५५.८९ |
| गत वर्षको | | | | | | | |
| पर सारिएको आयकर (आम्दानी)/खर्च | ६६७.६८ | (३०६.३१) | (६४१.१३) | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| खुद मुनाफा/(नोक्सान) | १२,४७३.९८ | १६,१४८.७९ | ३७,९७४.३१ | ३१,००२.०८ | ५७,०७९.२१ | ७०,७२५.१९ | ८६,९३०.४१ |
| शेयर संख्या (हजारमा) | ६०१.०० | १,०६३.७७ | १,२२३.३४ | १,५२९.१७ | ४,५८७.५१ | ५,०००.३८ | ५,०००.३८ |
| प्रति शेयर आम्दानी (रु.) | २०.७६ | १५.१८ | ३१.०४ | २७.०३ | १२.४४ | १४.१४ | १७.३८ |

***लेखापरीक्षण हुन बाँकी तर व्यवस्थापनवाट प्रमाणित वित्तीय विवरण ।**

| वित्तीय प्रक्षेपणका आधार तथा तरिका : | | | |
|---|---|---|---|
| **विवरण** | **आ.ब. ०७३/७४** | **आ.ब. ०७४/७५** | **आ.ब. ०७५/७६** |
| १. कुल निक्षेपमा औषत बृद्धिदर (प्रतिशतमा) | १९.६३% | ४७.२९% | ४९.१८% |
| २. कुल कर्जा तथा सापटमा औषत बृद्धिदर (प्रतिशतमा) | ३८.२४% | ५९.४८% | ३९.८१% |
| ३. कुल कर्जा तथा निक्षेप+पूँजिकोष अनुपात (प्रतिशतमा) | ६७.०६% | ७९.५९% | ८०.३०% |
| ४. कुल आयमा औषत बृद्धिदर | ६३.९३% | ३०.६४% | ३२.७६% |
| ५. कुल खर्चमा औषत बृद्धिदर | ३५.३४% | ६६.५८% | ३१.०९% |
| ६. संचालन खर्च तथा कुल आम्दानी अनुपात | ०.२४% | ०.३१% | ०.३०% |
| ७. खुद मुनाफामा औषत बृद्धिदर | ७२.४७% | १२.३७% | ३१.७०% |
| ८. निक्षेप तथा सापटको औषत ब्याजदर (प्रतिशतमा) | ६.६९% | ६.६३% | ६.५७% |
| ९. कर्जा तथा सापटको औषत ब्याजदर(प्रतिशतमा) | १३.७८% | ११.६०% | ११.६०% |
| १०. आयकर ब्यवस्था (प्रतिशतमा) | ३०.००% | ३०.००% | ३०.००% |
| ११. निस्क्रिय कर्जा सापट (प्रतिशतमा) | ०.४०% | ०.५०% | ०.५०% |
| १२. लगानी मा प्रतिफल | १५.००% | ४०.००% | ४०.००% |
| १३. अन्य संचालन खर्चका वृद्धिदर | ३५.६७% | ३४.६१ | ३१.११% |
| १४.कर्मचारी खर्चमा बृद्धिदर | ३४.८९% | १०९.२१% | ३१.०७% |
| १५. CRR | ५.२६% | ६.१२% | ५.९३% |
| १६. SLR | ४३.८८% | २६.६३% | २५.०१% |

**नेटवर्थ सम्बन्धी विवरण :**

| विवरण | वास्तविक (रु. हजारमा) | | | प्रक्षेपित(रु. हजारमा) | | |
|---|---|---|---|---|---|---|
| | आ.ब. ०७०/०७१ | आ.ब. ०७१/०७२ | आ.ब. ०७२/०७३ | आ.ब. ०७३/७४ | आ.ब. ०७४/७५ | आ.ब. ०७५/७६ |
| चुक्ता पुंजी | ६०,१००.०० | १०६,३७७.०० | १२२,३३४.०० | ४५८,७५१.०० | ५००,०३८.०० | ५००,०३८.०० |
| जगेडा तथा कोषहरु | १२,७१६.५९ | २६,०६१.१५ | ४७,९५९.७८ | ७३,३४५.१४ | ५१,२४२.६९ | ६६,२५५.३५ |
| **कुल** | ७२,८१६.५९ | १३२,४३८.१५ | १७०,२९३.७८ | ५३२,०९६.१४ | ५५१,२८०.६९ | ५६६,२९३.३५ |
| घटाउने : अपलेखन गर्न बाँकी खर्च (Fictitious Assets) | १,१४४ | १,२५७ | ८९१ | - | - | - |
| **कुल नेटवर्थ** | ७१,६७२.५९ | १३१,१८१.१५ | १६९,४०२.७८ | ५३२,०९६.१४ | ५५१,२८०.६९ | ५६६,२९३.३५ |
| शेयर संख्या (हजारमा) | ६०१.०० | १,०६३.७७ | १,२२३.३४ | ४,५८७.५१ | ५,०००.३८ | ५,०००.३८ |
| प्रति शेयर नेटवर्थ (रु.) | ११९ | १२३ | १३८ | ११६ | ११० | ११३ |
| प्रति शेयर चुक्ता पुंजी | १०० | १०० | १०० | १०० | १०० | १०० |
| नेटवर्थमा औसत प्रतिफल | १७.४५ | १२.३४ | २२.४९ | १०.७२ | १२.८५ | १५.३८ |
| निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल प्रतिशतमा | | | | २९.९६ | | |

माथि उल्लेखित आर्थिक तथा वित्तीय प्रक्षेपण र विश्लेषण विगत वर्षको कारोबारहरुको आधारमा निष्काशनकर्ता बैंक आफैले तयार पारेको हो । उक्त प्रक्षेपित वित्तीय विवरणहरु यथार्थपरक भएको व्यहोरा प्रमाणित गर्ने विशेषज्ञ संस्था पिएम् एण्ड एशोसियट्स, चार्टर्ड एकाउण्टेण्ट्स रहेको छ ।

त) संगठित संस्थाको पछिल्लो बर्षको लेखापरीक्षण भएको वासलात र नाफा नोक्सान हिसाबको विवरण :

**२०७३ साल आषाढ मसान्तको वासलात**

| पूँजी तथा दायित्व | रकम (रु.) |
|---|---|
| १. शेयर पूँजी | १५२,९१६,९३७.५० |
| २. जगेडा तथा कोषहरु | १७,३७६,३९२.२२ |
| ३. ऋणपत्र तथा बण्ड | – |
| ४. तिर्न बाँकी कर्जा सापट | – |
| ५. निक्षेप दायित्व | १,०४२,४२४,३०९.६५ |
| ६. भुक्तानी दिनु पर्ने बिलहरु | – |
| ७. प्रस्तावित नगद लाभांश | – |
| ८. आयकर दायित्व | – |
| ९. अन्य दायित्व | ८,३४४,९३८.०७ |
| **कुल पूँजी तथा दायित्व** | **१,२२१,०६२,५७७.४४** |
| **सम्पत्ति** | **रकम (रु.)** |
| १. नगद मौज्दात | १९,५११,५१४.७८ |
| २. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | १,३११,३५९.३८ |
| ३. बैंक/वित्तीय संस्थामा रहको मौज्दात | ४७,५००,०००.०० |
| ४. माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | २६६,३४४,३८१.८१ |
| ५. लगानी | ९,९९२,३७५.८१ |
| ६. कर्जा सापट तथा बिल खरीद | ८४६,०४१,१६९.२९ |
| ७. स्थीर सम्पत्ति | १७,६७८,२३१.५१ |
| ८. गैर बैकिङ्ग सम्पत्ति | – |
| ९. अन्य सम्पत्ति | १२,६८३,५४४.८६ |
| **कुल सम्पत्ति** | **१,२२१,०६२,५७७.४४** |

**२०७२ श्रावण १ गते देखि २०७३ आषाढ मसान्तसम्मको नाफा नोक्सान हिसाब**

| विवरण | रकम (रु.) |
|---|---|
| १. ब्याज आम्दानी | ९७,६०४,२७४.३४ |
| २. ब्याज खर्च | ३९,४९६,५९२.६६ |
| **खुद ब्याज आम्दानी** | **५८,१०७,६८१.६८** |
| ३. कमिशन तथा डिस्काउण्ट | २,४४२,३९३.०० |
| ४. अन्य संचालन आम्दानी | १०,५६१,४५८.४८ |
| ५. सटही घटबढ आम्दानी | – |
| **कूल संचालन आम्दानी** | **७१,१११,५३३.१६** |
| ६. कर्मचारी खर्च | ८,८७९,०२९.८६ |
| ७. अन्य संचालन खर्च | ११,७७३,०९८.९८ |
| ८. सटही घटबढ नोक्सान | – |
| **सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मूनाफा** | **५०,४५९,४०४.३२** |
| ९. सम्भावित नोक्सानी ब्यबस्थाहरु | ५,१४२,३९५.८३ |
| **सञ्चालन मूनाफा** | **४५,३१७,००८.४९** |
| १०. गैर सञ्चालन आम्दानी/(खर्च) | १२,२५५,७५४.४१ |
| ११. सम्भावित नोक्सानी ब्यबस्थाबाट फिर्ता | १,३३९,६०८.९० |
| **नियमित कारोवारबाट भएको मूनाफा** | **५८,९१२,३७१.८०** |
| १२. असामान्य कारोबारबाट भएको खर्च | – |
| **सम्पूर्ण कारोवार समावेश पछिको खूद मूनाफा** | **५८,९१२,३७१.८०** |
| १३. कर्मचारी बोनस ब्यबस्था | ५,३५५,६७०.१६ |
| **१४. आयकर व्यवस्था** | **१५,५८२,३८०.१८** |
| क. यस वर्षको कर व्यवस्था | १६,२२३,५१०.६५ |
| ख. बिगत वर्षसम्मको कर व्यवस्था | – |
| ग. यस वर्षको स्थगन कर (आम्दानी)/खर्च | (६४१,१३०.४७) |
| **खुद नाफा/नोक्सान** | **३७,९७४,३२१.४६** |

**थ) संगठित संस्थाले गर्ने भनिएको काममा निहित संभावित जोखिमहरु :**

क) विद्यमान बैंक तथा वित्तीय संस्थाहरु र नयाँ बैंक/वित्तीय संस्थाहरुको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुन सक्ने जोखिमहरु ।

ख) विकास बैंकले प्रदान गरेको कर्जा तथा सापट खराब कर्जामा परिणत हुन गएमा हुने जोखिम ।

ग) देशको वित्तीय नीति, मौद्रिक नीति र बैंक तथा वित्तीय संस्था सम्बन्धी नीतिमा नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकबाट हुने परिवर्तनबाट श्रृजित हुन सक्ने जोखिमहरु ।

घ) देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।

ङ) देशको आर्थिक अवस्थामा आउने उतार चढावबाट हुन सक्ने जोखिमहरु ।

छ) निक्षेप तथा कर्जाको ब्याजदरमा आउने परिवर्तन तथा यथा-समयमा कर्जा असुली नभई उत्पन्न हुनसक्ने आर्थिक जोखिमहरु ।

ज) पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु ।

ञ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय राजनैतिक परिस्थिति तथा आर्थिक मन्दीबाट पर्न सक्ने जोखिमहरु ।

यस विकास बैंक सञ्चालनको इतिहास ८ (आठ) वर्षको रहेकोछ । सो अबधीसम्ममा विकास बैंकले खराब कर्जा १ प्रतिशत भित्र राखेको छ । बैंकको कर्जा तथा लगानी खराब भई हुन सक्ने जोखिमहरुको लागि कर्जा जोखिम कोष, लगानीमा सम्भावित हानी नोक्सानी वापतको व्यवस्था जस्ता कोषहरु रहेका छन् । यस विकास बैंकले वित्त बजारमा हुने प्रतिस्पर्धाको लागि जनशक्ति विकासमा आवश्यक ध्यान पुऱ्याएको छ । यस बाहेकका व्यावसायिक जोखिमहरुबाट सिर्जना हुन सक्ने हानी नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानी नोक्सानी हुन नदिन सक्षम तथा प्रतिबद्ध छ ।

**धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिम** : रु.१००/-प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोबार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ ।

**द) धितोपत्र बाँडफाँट सम्बन्धी व्यवस्था :**

यस विवरण मार्फत निष्काशन गरिने हकप्रद साधारण शेयर प्रचलित "धितोपत्र निष्काशन निर्देशिका, २०६५" ले निर्धारित गरेको समयभित्र विकास बैंकको संचालक समितिले हकप्रद शेयरको बाँडफाँट गरी अभौतिक (Demat) रुपमा शेयर सम्बन्धित शेयरधनीको खातामा जम्मा गरे पश्चात राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशित गरिनेछ ।

**ध) संगठित संस्थाको प्रबन्धपत्र, नियमावली, पछिल्लो वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाब, लेखापरीक्षण प्रतिवेदन निरीक्षण गर्न पाइने समय र स्थान :**

कार्यालय समयभित्र निम्न लिखित स्थानहरुमा सम्पर्क राखी विकास बैंकको प्रबन्धपत्र, नियमावली, वासलात, नाफा–नोक्सानको विवरण निरीक्षण गर्न सकिनेछ :

क) विकास बैंकको रजिष्टर्ड कार्यालय, बिदुर ३, बट्टार, नुवाकोट ।

ख) धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक : एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाडौं ।

**न) निष्काशन हुने धितोपत्र प्रत्याभूति गरेको भए सो को विवरण :**

निष्काशन गरिने हकप्रद शेयरको लागि कुनै प्रत्याभुति गरिएको छैन ।

**प) शेयर सूचिकरण गराउने सम्बन्धी व्यवस्था :**

यस विवरण अनुसार साविक शेयरधनीहरुलाई जारी गरिएका हकप्रद साधारण शेयरहरु बाँडफाँट गरे पश्चात् नेपाल धितोपत्र बोर्डको प्रचलित "धितोपत्र निष्काशन निर्देशिका, २०६५" मा भएको व्यवस्था अनुसार नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सिंहदरवारप्लाजा, काठमाण्डौंमा प्रचलित सूचिकरण सम्बन्धी व्यवस्थामा भएको प्रावधान अनुसार सूचिकरण गरी हकप्रद शेयरको खरिद विक्रीको व्यवस्था मिलाइनेछ । साथै नेपाल धितोपत्र बोर्डमा दर्ता भएको धितोपत्र सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा समेत दर्ता गरिनेछ ।

**फ) संगठित संस्थाको कारोबारमा असर पर्ने कुनै विवाद/मुद्दा मामिला भए सो को विवरण :**

विकास बैंकको कारोबारमा असर पर्ने कुनै विवाद मुद्दा मामिला छैन ।

**ब) धितोपत्र खरिद गर्न चाहने आवेदकले पालना गर्नुपर्ने मुख्य कुराहरु :**

१) हकप्रद शेयर खरिद गर्नका लागि हकप्रद शेयरको निष्काशन पूर्व बैंकले सार्वजनिक सूचना मार्फत् जानकारी गराएको मिति सम्ममा शेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरुले मात्र हकप्रद शेयर खरिद गर्न आवेदन दिन पाउने छन् ।

२) हकप्रद शेयर खरिद गर्नका लागि आवेदन दिँदा आफ्नो नाममा दर्ता रहेको शेयर संख्या, शेयर प्रमाणपत्र नम्बर, शेयरधनी नम्बर तथा आफूले लिन चाहेको हकप्रद शेयर संख्या समेत खोली बैंकद्वारा तोकिएको ढाँचाको आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ ।

३) आवेदन फाराम अंग्रेजी तथा नेपाली दुवै भाषामा पूर्ण रुपले भर्नु पर्नेछ ।

४) हकप्रद शेयरका लागि आवेदन दिँदा आफूले लिन चाहेको शेयर संख्या वापत प्रति शेयर रु.१००/–का दरले हुने एकमुष्ट रकम तोकिएको संकलन केन्द्रहरु वा निष्काशन बैंकको खातामा जम्मा गरी सो को सक्कल भौचर साथै राखी आवेदन दिनु पर्नेछ ।

५) संयुक्त नाममा रहेका साविक शेयरधनीहरुले आवेदन दिँदा संयुक्त रुपमा नै हकप्रद शेयर खरिदका लागि दरखास्त दिनु पर्नेछ ।

६) हकप्रद शेयर बाँडफाँट गर्दा जुन समूहको शेयरधनी हो, सो शेयरधनीलाई सोही समूहको शेयरको अनुपातमा बाँडफाँट गरिनेछ ।

७) तोकिएको समयभित्र हकप्रद शेयर खरिदका लागि आवेदन पेश नगर्ने तथा दरखास्त साथ शेयर बापतको रकम दाखिल नगर्ने साविक शेयरधनीहरुले पछि हकप्रद शेयरको लागि कुनै किसिमको दावी गर्न पाउने छैन ।

८) हकप्रद शेयर सम्बन्धी कुनै विवाद भएमा वा परेमा विकास बैंकको संचालक समितिले गरेको निर्णय अन्तिम हुनेछ ।

९) यस विवरण मार्फत निष्काशन गरिने हकप्रद साधारण शेयर प्राप्त गर्ने डिम्याट खाता (DMAT Account/BOID No.) भएका आवेदकहरुलाई नीजहरुले चाहेको खण्डमा धितोपत्रको प्रमाणपत्र अभौतिक रुपमा समेत उपलब्ध गराउने ब्यबस्था गरिने हुँदा

नीजहरुले शेयर खरिदका लागि आवेदन दिँदा आफ्नो डिम्याट खाता (DMAT Account/BOID No.) समेत आवेदन फाराममा स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ । साथै कुनै पनि शेयरधनीको भौतिक तथा अभौतिक ( DMAT) रुपमा शेयर कायम रहेको शेयर अनुसार हकप्रद शेयर भर्दा त्यस्ता शेयरधनीको शेयर भौतिक तथा अभौतिक ( DMAT ) जुन रुपमा कायम रहेको भएता पनि एउटै मात्र आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ ।

**भ) आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरु :**

सािवकका शेयरधनीले देहायको अवस्थामा अन्य कुनै ब्यक्तिले खरिद गर्न पाउने गरी हकप्रद शेयर बिक्री खुल्ला भएको अवधि भित्र "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" को अनुसूची–११ को ढाँचामा निवेदन दिई आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्न सकिनेछ ।

(क) हकप्रद शेयर खरिद गर्ने हक अन्य कुनै ब्यक्तिलाई हस्तान्तरण गर्ने सम्बन्धी ब्यबस्था सम्बन्धित संगठित संस्थाको प्रबन्धपत्र वा नियमावलीमा भएको ,

(ख) मनोनयन भै शेयरको लागि आवेदन गर्दा धितोपत्र बजारको कारोबार इकाई अनुसार हुने ब्यबस्था नियम १७ को उपनियम ४ बमोजिम प्रकाशित विवरणमा ब्यबस्था गरिएको।

(ग) कम्पनीको प्रबन्धपत्र, नियमावलीमा भएको व्यवस्था तथा सम्बन्धित नियमनकर्ताले स्वामित्व सिमा तोकेकोमा त्यस्तो सीमा भित्र रहेको, पहिले लिएको वा पछि ग्रहण गरिने शेयर समेत कूल शेयर संख्या सो सिमा ननाघ्ने गरी मात्र मनोनित हुनेले शेयरका लागि आवेदन गर्न सकिने,

(घ) संगठित संस्थाको प्रबन्धपत्र र नियमावलीको व्यवस्था अनुसार स्वामित्व तथा सञ्चालक समिति समूहकृत गरिएको भएमा सोही समूहभित्र रहने गरी मात्र मनोनयन गरिएको

(ङ) प्रचलित कानून अनुरुप मनोनित हुने व्यक्ति वा संस्था कालो सूचीमा नरहेको तथा अयोग्य समेत नभएको,

(च) मनोनयन गरिने ब्यक्ति प्रचलित कानून बमोजिम त्यस्तो संस्थाको शेयर खरिद गर्न अयोग्य नभएको,

(छ) हक हस्तान्तरणको लागि निवेदन दिँदा निवेदनका साथ हक हस्तान्तरण गरी लिइने हकप्रद शेयरको चुक्ता रकमको १ प्रतिशत रकमले हुने आउने रकम मनोनयन गरिदिने शेयरधनीले बुझाएको शुल्क समेत समावेश गर्नु पर्नेछ ।

**म) संगठित संस्थाको लेखापरीक्षक, कम्पनी सचिव, वित्तीय विवरण प्रक्षेपण गर्ने विशेषज्ञ, प्रक्षेपित विवरणको प्रक्षेपण/अनुमानको आधार तथा तरिका बारे पुनरावलोकन गरी सन्तुष्ट भएको राय ब्यक्त गर्ने विशेषज्ञ, "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" तयार गर्ने विशेषज्ञ तथा निष्काशन तथा बिक्री प्रबन्धकको नाम, ठेगाना :**

क) बैंकको आठौं बार्षिक सभाको निर्णय बमोजिम आ.ब.२०७३/०७४ को बाह्य लेखापरीक्षण कार्य गर्नको लागि एबिएमएस एण्ड एशोसिएट्स, चार्टर्ड एकाउन्टेन्ट्स (ABMS & Associates, Chartered Accountants) लाई नियुक्त गरिएको छ ।

ख) यस विकास बैंकको कम्पनी सचिवमा प्रमुख कार्यकारी अधिकृत पारस राज कँडेल कार्यरत हुनु हुन्छ ।

ग) यस विकास बैंकको वित्तीय विवरण प्रक्षेपण विगत वर्षहरुको कारोबारको आधारमा पिएम एण्ड एशोसियट्स चाटर्ड एकाउन्टेन्ट्सले तयार गरेको हो । उक्त वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु हालको वित्तीय बजारको स्थिति, निष्काशनकर्ता बैंकको हालको दक्षता र निष्काशनकर्ता बैंकले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनी प्रमाणित गर्ने विशेषज्ञमा चार्टर्ड एकाउण्टेण्ट संस्था पिएम एण्ड एशोसियट्स, काठमाण्डौं रहेको छ ।

घ) यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" व्यावसायिक संस्था श्री एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौंले तयार गरेको हो ।

ङ) यस हकप्रद शेयर निष्काशनका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकमा नेपाल धितोपत्र बोर्डबाट निष्काशन तथा बिक्री प्रबन्धकको प्रमाणपत्र प्राप्त धितोपत्र व्यवसायी श्री एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौं रहेकोछ ।

**य) हकप्रद शेयर जारी गर्नुको उद्देश्य :**

१) नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कायम हुनु पर्ने पूँजीकोषको अनुपात कायम गर्नको लागि हकप्रद शेयर निष्काशन गरी पूँजी संकलन गर्न ।

२) विकास बैंकको पूँजीगत योजना बमोजिमको पूँजी पुर्याउने उद्देश्य अनुरुप मिति २०७३/९/२९ गते सम्पन्न आठौ बार्षिक साधारण सभाबाट एक शेयर बराबर दुई शेयर (१ : २) को अनुपातमा हकप्रद शेयर जारी गरी पूँजी वृद्धि गर्ने निर्णय गरेकोले सोही बमोजिम पूँजी संकलन गर्न ।

३) विकास बैंकले सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिलाई विस्तार गर्नका लागि आवश्यक पूँजी संकलन गर्न ।

४) विकास बैंकको प्रबन्धपत्रमा उल्लेख गरिएको उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यहरुको लागि विकास बैंकको संस्थाको शाखा विस्तार गरी कारोबार वृद्धि गर्न आवश्यक पूँजी जुटाउन र

५) निक्षेपकर्ताहरुको हितको संरक्षणलाई सर्वोपरी राख्नको लागि विकास बैंकको पूँजी आधारलाई मजबुत तुल्याइ राख्न ।

६) यस बाहेक विकास बैंकले तपसिल बमोजिमको योजना सहित हकप्रदबाट प्राप्त रकम प्रयोग गर्ने निर्णय गरेको छ ।

| सि.नं. | उपयोग | रकम |
|---|---|---|
| १. | तरलता | करिब रु. ६ करोड ८ लाख |
| २. | कर्जा तथा लगानी | करिब रु. २० करोड |
| ३. | सरकारी ऋणपत्रहरुमा लगानी | करिब रु. २ करोड |
| ४. | शाखा विस्तार | करिब रु. २ करोड ५० लाख |
| | **जम्मा** | **करिब रु.३० करोड ५८ लाख** |

**र) हकप्रद शेयर बिक्री खुल्ला अवधि :**

हकप्रद शेयरको लागि दरखास्त लिने कार्य कम्तिमा ३५ (पैंतिस) दिनका लागि खुल्ला राखिनेछ । सो समयावधि भित्र सम्पूर्ण हकप्रद शेयरको लागि आवेदन नपरेमा धितोपत्र दर्ता तथा निष्काशन नियमावली,२०७३ को नियम १८ को अधिनमा रही आवेदन खुल्ला भएको मितिले बढीमा १५ (पन्ध्र) दिन सम्मका लागि धितोपत्रको दरखास्त खुल्ला राख्न सकिनेछ ।

**ल) हकप्रद शेयर खरिदका लागि दरखास्त पाईने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै हकप्रद शेयर खरिदका लागि तयार गरिएको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्न वा हेर्न सक्ने स्थानहरु :**

१. एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौ ।
२. हाम्रो विकास बैंक लि.को रजिष्टर्ड (केन्द्रिय) कार्यालय बिदुर ३, बट्टार नुवाकोट तथा सम्पूर्ण शाखा कार्यालयहरु ।
३. नेपाल इन्भेष्टमेन्ट बैंक लि. को शाखा कार्यालयहरु : विराटनगर, चिप्लेढुङ्गा पोखरा, बीरगञ्ज, नारायणगढ, नेपालगञ्ज र धनगढी ।

उपरोक्त स्थानहरुको अलावा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकद्धारा अन्य माध्यम मार्फत् सूचित गरिने संकलन केन्द्रको रुपमा कार्य गर्ने गरी नियुक्त संकलन केन्द्रहरुबाट आवेदन फाराम तथा "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्न र आवेदन फाराम साथ शेयर रकम जम्मा गर्ने व्यवस्था गरिनेछ । हकप्रद निष्काशनको क्रममा ड्राफ्ट संलग्न गरी दरखास्त दिन पाइने र यसरी दरखास्तवालाहरुले दरखास्त दिन चाहेमा शेयर निष्काशन बन्द हुने अघिको मितिसम्ममा एनआईबिएल क्यापिटल मार्केट्स लि.को नाममा खिचिएको एकाउण्टपेयी **(A/c Payee)** ड्राफ्टका साथ शेयरको दरखास्त फाराम नेपाल सरकार, हुलाक सेवा मार्फत रजिष्ट्री गरी एनआईबिल क्यापिटल मार्केट्स लि., लाजिम्पाट, काठमाण्डौंमा पठाएको निवेदनलाई मात्र बाँडफाँटमा समावेश गरिनेछ । शेयर बिक्री बन्द भएको १५ (पन्ध्र) दिनपछि प्राप्त ड्राफ्ट र आवेदन फारामलाई बाँडफाँडमा समावेश गरिने छैन । हकप्रद शेयर खरिदका लागि दरखास्त फाराम निष्काशनकर्ता कम्पनी हाम्रो विकास बैंक लिमिटेडको वेभसाइट www.hamrobank.com तथा धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेडको वेवसाइट www.niblcapital.com बाट डाउनलोड गरी भरेर पठाउन सकिनेछ ।

**व) आफ्नो व्यवसायसँग सम्वन्धित ऐन, नियम, कम्पनी ऐन, तथा अन्य नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण पालना गरेको सम्बन्धमा उद्घोषण :**

विकास बैंकले गर्ने व्यवसायसँग सम्वन्धित ऐन, नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३, कम्पनी ऐन, २०६३ तथा अन्य नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरिएको छ र सोही दायराभित्र रही आफ्नो कारोबार गर्दै आइरहेको छ । साथै यस विकास बैंकको संचालकहरु एवं संस्थापकहरु कम्पनी ऐन, २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन,२०६३ तथा अन्य प्रचलित नेपाल कानूनमा भएको व्यबस्था अनुसार कालोसूचीमा समावेश नरहनुका साथै योग्य रहेको उद्घोषण बैंकको रहेको छ ।

साथै नेपाल राष्ट्र बैंकले इजाजतपत्र प्राप्त संस्थाहरुलाई २०७४ आषाढ मसान्त भित्र न्यूनतम पूँजी बृद्धि गरी सक्नु पर्ने गरी निर्देशन दिएको सन्दर्भमा यस बैंकले देहायको शर्तहरु पूरा गरेको हुँदा यस विवरण मार्फत निष्काशन गरिने धितोपत्रहरु क्रेडिट रेटिङ्ग गर्न नपर्ने स्वघोषणाः वित्तीय संस्थाको रहेको छ ।

१. अंकित मूल्यमा हकप्रद शेयर निष्काशन गरिएको ।
२. प्रति शेयर नेटवर्थ रु.१००/–भन्दा बढी भएको । (आ.ब.०७३/०७४ पौष मसान्तमा प्रति शेयर नेटवर्थ रु.१२४.८४ रहेको)
३. अंकित मूल्य भन्दा बजार मूल्य बढि भएको । (आ.ब.०७३/०७४ पौष मसान्तमा बजार मुल्य रु.४००/– रहेको)
४.विगत ५ बर्ष देखि संचालनमा रही कम्तिमा ३ बर्ष नाफामा संचालनमा रहेको ।(आ.ब.०७०/०७१, आ.ब.०७१/०७२, आ.ब.०७२/०७३ को खुद नाफा क्रमशः रु.१,२४,७३,९८१.६६, रु.१,६१,४८,७९५.१५.र रु.३,७९,७४,३२१.४६ रहेको)
५. NPA (Non Performing Asset) नेपाल राष्ट्र बैंकले तोकिएको सीमा भित्र भएको । (आ.ब.०७३/०७४ पौष मसान्तमा NPA (Non Performing Asset) ०.६२ प्रतिशत रहेको)
६. पूँजी बृद्धि गरिएको सम्बन्धमा प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख गरी कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख भएको ।

**श) पछिल्लो ३ बर्षको अधिकतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोबार भएको संख्या सम्बन्धी विवरण :**

| आर्थिक बर्ष | अधिकतम शेयर मूल्य (रू.) | न्युनतम शेयर मूल्य (रू.) | अन्तिम बजार मूल्य (रू.) | शेयर कारोबार संख्या |
|---|---|---|---|---|
| **०७०/०७१** | २७१ | १३९ | २६६ | ४७७४१ |
| **०७१/०७२** | ३७० | २१२ | २३६ | २३२७५ |
| **०७२/०७३** | २७४ | २२५ | २६५ | ३५९२ |

पछिल्लो ३ महिनाको अधिकतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोबार भएको संख्या सम्बन्धी विवरण :

| आर्थिक बर्ष | अधिकतम शेयर मूल्य (रू.) | न्युनतम शेयर मूल्य (रू.) | अन्तिम बजार मूल्य (रू.) | शेयर कारोबार संख्या |
|---|---|---|---|---|
| २०७३ मंसीर | ६०५ | ४७१ | ५६० | ८९९८४ |
| २०७३ पौष | ५८० | ३९६ | ४०० | ७६०१४ |
| २०७३ माघ | ४३२ | ३७० | ३८० | १८६७६ |

द्रष्टव्य :यस विकास बैंकको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मुल्यसूचीबाट प्राप्त गर्न सकिनेछ ।

**ष) यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा उल्लेख भएको विवरणहरु तथ्य, पूर्ण छन्, सो मा कुनै फरक परेमा हामी संचालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सहि छाप गर्ने संचालकहरुको नाम, दस्तखत ।**

| सि.नं. | संचालकहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री हरि प्रसाद | अध्यक्ष | |
| २. | श्री ठाकुरनाथ लामिछाने | संचालक | |
| ३. | श्री रामहरि शर्मा रिजाल | संचालक | |
| ४. | श्री गंगालाल श्रेष्ठ | संचालक | |
| ५. | श्री प्रल्हाद पन्त | संचालक | |
| ६. | श्री जीवनबहादुर श्रेष्ठ | संचालक | |

**स) निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण :**

हामीलाई **हाम्रो विकास बैंक लिमिटेड** तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा त्यस संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो "हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यबस्था तथा विवरणहरु" स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा "धितोपत्र सम्बन्धी ऐन, २०६३" र "धितोपत्र दर्ता तथा निष्काशन नियमावली,२०७३" अनुरुपको योग्यता पुगेको प्रतिवद्धतापत्र (ड्यू डेलिजेन्स सर्टिफिकेट) प्रस्तुत गरेका छौं ।

**नेपाल धितोपत्र बोर्डबाट स्वीकृत भएको "हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यबस्था तथा विवरणहरु" सार्वजनिक निष्काशनको लागि प्रकाशन गर्नु २ दिन अगाडी सो को एक प्रति (Soft Copy) नेपाल धितोपत्र बोर्डको वेभसाइटमा राख्ने प्रयोजनको लागि उपलब्ध गराइनेछ ।**